शेयरसदस्य महानुभावहरु ! संचालक समितिको बैठक यस आ.व.मा नियमित १२ वटा र विशेष ११ वटा गरि जम्मा २३ वटा बैठक बसी संस्था विकास र सदस्य सेवामा आधारित प्रस्तावहरुमा १००% पदाधिकारीहरुको उपस्थितिमा तपशिल बमोजिमको बिभिन्न प्रस्तावमा निर्णय गरेको विवरण प्रस्तुत गर्न चाहान्छु । साथै संचालक समितिको नियमित बैठकमा अनिवार्य गरिएका छलफलका विषयहरु क्रमशः अघिल्लो बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा, मासिक वित्तिय कारोबार सम्बन्धमा, पर्ल्स तथा वित्तिय प्रतिवेदन सम्बन्धमा, सदस्यता प्रदान, नामसारी तथा फिर्ता सम्बन्धमा, कर्जा लगानी सम्बन्धमा, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा, संचालक समिति अन्य समिति उपसमिति तथा कर्मचारीको कर्जा असुली सम्बन्धमा रहेको व्यहोरा अवगत गराउँदै अन्य विशेष प्रस्तावहरुलाई तपशिल बमोजिम निर्णयार्थ पास गरिएको व्यहोरा सम्मानित सभामा अवगत गराउन चाहान्छु।

- **२०८१ साउन १० गते** बसेको २३१ औँ नियमित बैठकमा माथि उल्लेखित अनिवार्य रहेका प्रस्तावहरु बाहेक कर्मचारी सेवा सुविधा सम्बन्धमा, कर्मचारीको राजिनामा, कानुनी परामर्श दाता नियुक्ति, उद्योग कृषि तथा सहकारी मन्त्रालयको सघन अनुगमन, धितो लिलामी, तालिममा सहभागिता जस्ता प्रस्तावहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ साउन २३ गते** बसेको २३२ औँ विशेष बैठकमा तालिममा सहभागिता विषय उपर छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ भदौ ०९ गते** बसेको २३३ औँ नियमित बैठकमा १४ औँ बार्षिक साधारणसभामा प्रस्तुत गरिने प्रस्तावहरु, ईकाइगत साधारणसभा सम्पन्न गर्ने, वार्षिक प्रतिवेदन तयार गर्ने, ईकाइगत साधारणसभामा अध्यक्षता तोक्ने, प्रतिनिधि खाजा तथा भत्ता सम्बन्धमा, कोर बैकिङ्ग सिस्टम परिवर्तन गर्ने, निर्वाचन, सम्मान तथा पुरस्कार, सुचना प्रकाशन, कर्जा तथा बचतको ब्याज समायोजन गर्ने विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ भदौ १७ गते** बसेको २३४ औँ विशेष बैठकमा धितो सकार गर्ने विषयमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ असोज ०९ गते** बसेको २३५ औँ नियमित बैठकमा १४ औँ वार्षिक साधारणसभा समिक्षा, खर्च अनुमोदन, आर्थिक सहयोग, सुसी मिडिया नेटवर्क प्रा.लि.सँग सम्झौता, धितो लिलाम गर्ने जस्ता विषयहरुमा निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ कार्तिक ०९ गते** बसेको २३६ औँ नियमित बैठकमा मालपोत प्रतिनिधि तोक्ने, उपसमिति गठन गर्ने जस्ता विविध विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ मंसिर १० गते** बसेको २३७ औँ नियमित बैठकमा साझा मञ्च मिडिया प्रा.लि.सँग सम्झौता, बैंक खाता खोल्ने, आर्थिक सहयोग गर्ने जस्ता प्रस्तावहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ मंसिर १६ गते** बसेको २३८ औँ विशेष बैठकमा भाका नाघेको कर्जा असुली सुचना प्रकाशन गर्ने बारे छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ पौष १० गते** बसेको २३९ औँ नियमित बैठकमा बैंक खाता खोल्ने, बन्द गर्ने र सदस्य अध्ययन तथा अवलोकन भ्रमण सम्बन्धी जस्ता विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ पौष २४ गते** बसेको २४० औँ विशेष बैठकमा धितो लिलाम गर्ने सम्बन्धी महत्वपूर्ण विषयमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ माघ १२ गते** बसेको २४१ औँ नियमित बैठकमा कर्मचारी सेवाबाट हटाईएको, आर्थिक सहयोग, बैंक खाता बन्द गर्ने, कोष समायोजन गर्ने जस्ता विविध विषयमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ फागुन ०२ गते** बसेको २४२ औँ विशेष बैठकमा धितो सकार गर्ने विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ फागुन १० गते** बसेको २४३ औँ नियमित बैठकमा अनिवार्य रहेका प्रस्तावहरु बाहेक बैंक खाता नामसारी सहित दस्तखत परिवर्तन, धितो लिलाम विक्रि, भाका नाघेको कर्जा असुली सुचना प्रकाशन गर्ने विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ चैत्र १० गते** बसेको २४४ औँ नियमित बैठकमा कर्मचारी पदपुर्ती, ब्याजदर समायोजन, भाका नाघेको कर्जा असुली सुचना प्रकाशन, सहयोग गर्ने सम्बन्धी छलफल गरी निर्णय गरिएको थियो।
- यसैगरी **२०८१ चैत्र १९ गते** बसेको २४५ औँ विशेष बैठकमा धितो सकार गर्ने जस्ता विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८२ बैशाख ०६ गते** बसेको २४६ औँ नियमित बैठकमा संस्था सुचिकृत तथा नविकरण, कोष रकम रकमान्तर, भ्रमण कार्यक्रम, स्वास्थ्य शिविर खर्च अनुमोदन जस्ता विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८२ बैशाख २२ गते** बसेको २४७ औँ विशेष बैठकमा धितो लिलाम विक्री गर्ने, भाका नाघेको कर्जा असुली सुचना प्रकाशन गर्ने जस्ता विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।

- यसैगरी **२०८२ जेष्ठ १० गते** बसेको २४८ औँ नियमित बैठकमा सदस्य विस्तारित भेला, कर्जा विमा सम्झौता, तालिम कार्यक्रमको आयोजना, धितो मुल्याङ्कनकर्ता नियुक्ति तथा खारेजी, आ.व. २०८२।०८३ का लागि कर्मचारी माग गर्ने, तिर्थ भ्रमण कार्यक्रमको आयोजना गर्ने, भाका नाघेको कर्जा असुली सुचना प्रकाशन, जनसम्पर्क अधिकारी तोक्ने जस्ता विविध विषयहरुमा छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८२ जेष्ठ १४ गते** बसेको २४९ औँ विशेष बैठकमा धितो लिलाम विक्रिका लागि सुचना प्रकाशन गर्ने विषयमा निर्णय गरिएको थियो।
- यसैगरी **२०८२ जेष्ठ २८ गते** बसेको २५० औँ विशेष बैठकमा धितो सकार गर्ने विषय उपर छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८२ असार ०८ गते** बसेको २५१ औँ नियमित बैठकमा कर्मचारी नियुक्ति, सम्पत्ति शुद्धिकरण सम्बन्धीको सफट्वेयरसँग सम्झौता, रियल एच.आर. सफ्टवेयरसँग सम्झौता, भाका नाघेको कर्जा असुली सुचना प्रकाशन, धितो लिलामी हुने बारेको सुचना प्रकाशन जस्ता विविध विषयहरु उपर छलफल गर्दै निर्णय गरिएको थियो।
- यसैगरी **२०८२ असार २१ गते** बसेको २५२ औँ विशेष बैठकमा धितो सकार गर्ने र धितो लिलामी हुने बारेको सुचना प्रकाशन गर्ने जस्ता विषयहरुमा छलफल गरिएको थियो।
- यसैगरी **२०८२ असार ३२ गते** बसेको २५३ औँ विशेष बैठकमा सम्पत्ति अपलेखन गर्ने, पाउनुपर्ने हिसाब मिलान गर्ने जस्ता विषयहरु उपर छलफल गरी निर्णय सर्वसम्मत् गरिएको थियो।

(२३) रेमिट्यान्स सुविधा :

शेयरसदस्य महानुभावहरु ! विभिन्न मुलुकबाट पठाएको रकम सबै सेवाकेन्द्रहरुबाट सहजै उपलब्ध गराउने उद्देश्यले निम्न रेमिट्यान्सहरु संचालन गरेको अवगत गराउन चाहान्छु।

१. आई एम. ई. रेमिट सेवा (Ime Money Transfer)
२. हिमाल मनी ट्रान्सफर (Himal Money Transfer)
३. प्रभु मनी ट्रान्सफर (Prabhu Money Transfer)
४. सिटी एक्सप्रेस (City Express)
५. वेस्टर्न युनियन मनि ट्रान्सफर (Western Union Money Transfer)
६. समसरा मनि ट्रान्सफर (Samsara Remit)
७. आई.पे रेमिट (I-Pay Remit)
८. जि.एम.इ.रेमिट (GME Remit)

(२४) मोबाईल बैकिङ्ग सुविधा :

शेयरसदस्य महानुभावहरु ! आ.व. २०७९।०८० बाट शेयरसदस्यहरुको सुविधाका लागि संस्थाले मोबाईल बैकिङ्ग प्रणाली संस्थामा भित्राइएकोमा हाल ६००० भन्दाबढी शेयरसदस्यहरुले प्रविधि मार्फत हात-हातबाटै विभिन्न प्रकारको बैकिङ्ग सुविधाहरु उपभोग गरिरहनु भएको व्यहोरा यस सम्मानित सभामा अवगत गराउन चाहान्छु। जसबाट शेयरसदस्यज्यूहरुले संस्थामा जम्मा गरेको रकमलाई जहाँसुकैबाट विभिन्न कारोबार गर्न सकिने छ भने सिम्रिक मोबाईल एपमा बैंक ट्रान्सफर, विभिन्न वालेट लोड, हवाई टिकट, मोबाईल रिचार्ज, ईन्टरनेट बील, बिजुली बील, खानेपानी बील, ईन्स्योरेन्स प्रिमियम, सरकारी करहरु, ब्रोकर पेमेन्ट, टेलिफोन बील, क्यु-आर पेमेन्ट, स्टेटमेन्ट चेकजाँच लगायत अन्य धेरै किसिमका सुविधाहरु उपलब्ध गराईएको छ। साथै सदस्यहरुको कारोबारलाई सहजता प्रदान गर्न व्यवसायिक क्यु-आरको समेत वितरण गरिएको छ।

(२५) संस्थाको भावी कार्यक्रम तथा योजना :

शेयरसदस्य महानुभावहरु ! संस्थाले भावी कार्ययोजना अनुसार :-

(क) यस आ.व. २०८२।०८३ लाई संस्थागत भवन निर्माणका लागि बजेट व्यवस्थापन बर्षको रुपमा लिँदै स्वेच्छिक रुपमा एक सदस्य एक ईटाँ सदस्य आर्थिक सहभागिताको अभियान थालनी गरिनेछ।

(ख) कृषि प्रबर्द्धन तालिमको व्यवस्था गरी बजारीकरणको व्यवस्था मिलाइनेछ।

(ग) सुपथ मुल्य उपभोक्ता पसल संचालन गर्न आवश्यकीय प्रबन्ध मिलाइनेछ।

(घ) अवलोकन तथा अध्ययन भ्रमण कार्यक्रमको आयोजना गरिनेछ।

(ङ) सदस्य भएको मितिले ६ महिना पुरा भएका नियमित कारोबार गर्ने राहतकोषमा आवद्ध नभएका महिला शेयरसदस्यहरुको हकमा सुत्केरी (शिशु स्याहार) खर्च रु. ४ हजार सुविधा उपलब्ध गराईनेछ र राहतकोषमा आवद्ध भएका महिला शेयरसदस्यहरुको हकमा नर्मल सुत्केरी सुविधा रु. ८ हजार र अप्रेशन भएको अवस्थामा अप्रेशन शुल्कको ५० प्रतिशत वा ५० हजारमा जुन कम हुन्छ सो उपलब्ध गराईनेछ।

(च) राहतकोषमा आवद्ध शेयरसदस्यको मृत्यु भएको अवस्थामा उपलब्ध गराईदै आएको रु. १० हजारलाई बृद्धि गरी रु. २५ हजार पुऱ्याईनेछ भने राहत कोषमा आवद्ध नभएका शेयरसदस्यको हकमा रु. १० हजार र एकाघर सदस्यका परिवार (श्रीमान् वा श्रीमति, छोरा वा छोरीको हकमा मात्र) लाई मृत्यु राहत रु. ५ हजार उपलब्ध गराईने व्यहोरा थप गरिएको छ।

(छ) जेष्ठ नागरिक शेयर सदस्यहरुको लागी तिर्थ भ्रमण कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिईनेछ।

(ज) सेवाकेन्द्रगत सदस्यहरुको लागी निःशुल्क स्वास्थ्य शिविर संचालन गरिँदै आएकोमा यस वर्ष पनि निरन्तरता दिईनेछ।
(झ) सार्वजानिक प्राकृतिक सम्पदाको प्रबर्धन तथा विकास र खेलकुद तथा सामुदायिक शैक्षिक क्षेत्रमा टेवा पुग्ने खालका कार्यक्रमहरुमा संस्था सहभागी हुने व्यवस्था मिलाईनेछ।
(ञ) वित्तिय कारोबारलाई सहज र आधुनिक तवरले शेयरसदस्यहरु माझ पुऱ्याउन मोबाईल बैकिङ्ग प्रणालीको शुरुवात गरिएकोमा नगद रहित कारोबारमा जोड दिने र शेयरसदस्यहरुलाई आधुनिक प्रणालीका फाईदाहरुका बारेमा जानकारी सहित साक्षरता प्रदान गरिनेछ।

(२६) पर्ल्सको आधारमा समग्र कारोवारको अवस्था :

शेयरसदस्य महानुभावहरु ! बचत तथा ऋणको काम गर्ने सहकारी संस्थाहरुले पुँजी निर्माणमा सन्तुलन कायम गर्न पर्ल्स अनुगमनले निर्देश गरेका सुचाङहरुको आधारमा संस्थाको वित्तिय सन्तुलनको अवस्था सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु।

क्षेत्र	अनुगमनको आधार	हुनुपर्ने मानक प्रतिशत	यर्थाथ अवस्था प्रतिशत (यस वर्ष)	यर्थाथ अवस्था प्रतिशत (गत वर्ष)
P1	एक वर्ष भन्दा बढि भाखा नाघेको ऋणमा व्यवश्था	१००%	१००%	१००%
P2	एक वर्ष भन्दा कम भाखा नाघेको ऋणमा व्यवश्था	३५%	३५%	३५%
P6	खुद सम्पतिमा जम्मा शेयर र बचतको को अनुपात	=१११%	१३२.६१%	१६८.४२%
E1	कुल कर्जा र सम्पत्तिको अनुपात	७०-८०%	८४.४९%	८६.८८%
E5	जम्मा निक्षेप र सम्पत्तिको अनुपात	७०-८०%	६४.८४%	४५.३६%
E6	वाह्य ऋण र सम्पत्तिको अनुपात	०-५%	१३%	३४.००%
E7	शेयर सदस्य पूँजी र सम्पत्तिको अनुपात	२०% सम्म	११%	१३.००%
E9	संस्थाको स्व पूँजी र सम्पत्तिको अनुपात	१०% भन्दा बढि	४.३९%	२.३६%
E10	चन्दा रकम र सम्पत्तिको अनुपात	अरु संस्था भन्दा कम	०.०१%	०.०१%
A1	भाखा नाघेको ऋण र कुल ऋण लगानी अनुपात	५% सम्म	१.२०%	०.६७%
A2	आय आर्जन नगर्ने सम्पत्ति र कुल सम्पत्तिको अनुपात	५% सम्म	४.११%	४.२९%
R5a	कर्मचारी खर्च र कुल आम्दानीको अनुपात	१५% सम्म	३५.६९%	३५.०३%
R5b	खर्च र आम्दानीको अनुपात	=७०%	८८.६३%	८८.७३%
R9	संचालन खर्च र औषत कुल सम्पत्तिको अनुपात	५% सम्म	६.३२%	६.९७%
R12	खुद आम्दानी र औसत सम्पत्तीको अनुपात	=९%	१.१७%	१.४५%
L1	खुद तरल सम्पत्ति र कुल निक्षेप अनुपात	१५-२०%	१७%	२०.२२%
L3	नगद मौजदात र कुल सम्पत्तिको अनुपात	१% सम्म	०.००%	०.००%
S10	सदस्य वृद्धि प्रतिशत	१५% भन्दा बढि	८%	७.७५%
S11	कुल सम्पत्ति वृद्धि प्रतिशत	१९% भन्दा बढि	९%	११.६४%

(२७) बिषेश प्रस्तावहरु :

(क) आ.व. २०८२।०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, संस्थाको लेखा प्रणालीलाई नीति सम्बत् चुस्त दुरुस्त राख्न बाह्य लेखा परीक्षक नियुक्ति गुर्नपर्ने भएकोले **पि. अर्याल एण्ड एशोसिएट्स चाटर्ड एकाउन्टेण्ट्सका प्रोप्रईटर सि.ए. प्रदिप अर्याल**लाई नियुक्ति गर्ने र निजले Preliminary Audit Report, Long Form Audit Report (LFAR) in new format as specified in the Co-operative Audit Manual 2075, Review of Financial Statement & Provide Opinion on it र Assistance to for TDS and Income Tax Return and issuing Tax Audit Report आ.व.को समाप्ती भएको ३५ दिन भित्र उपलब्ध गर्ने/गराउने गरी सम्पूर्ण खर्च सहित पारिश्रमिक वापत रु. ५,००,०००।- (कर सहित) दिनका लागि यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु। साथै निजले माथि उल्लेखित शर्त बमोजिम कार्य गर्न असमर्थ भएको अवस्थामा बैकल्पिक लेखा परीक्षकका रुपमा **अजित खत्री एण्ड एशोसिएट्स चाटर्ड एकाउन्टेण्ट्सका प्रोप्रईटर सि.ए. अजित खत्री**लाई समेत नियुक्ती गर्ने र सोही बमोजिम पारिश्रमिक तोक्ने निर्णय यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु।

(ख) शेयर लाभशं वितरण सम्बन्धमा : शेयरसदस्य महानुभावहरु ! यस आ.व. २०८१।०८२ को आयकर पछिको नाफाबाट शेयर बोनस बाँडफाँडको लागी शेयर लाभांश कोषमा रु. १,२३,२६,००६.९१ रहेको छ भने उक्त कोषबाट सहकारी ऐन २०७४ को दफा ३५ अनुसार २०८२ असारमसान्तसम्म खरीद गरिएका शेयरलाई प्रतिकुल नहुनेगरी शेयर लाभाशं वितरण गर्ने प्रस्ताव पेश गर्दछु।

(ग) सहकारी एकिकरण गर्ने सम्बन्धमा : एकै प्रकृतिका संघ संस्थाहरु वा भिन्न उद्देश्य भएतापनि एकै प्रकृतिको कारोबार गर्ने एक अर्कामा एकिकरण हुन सहकारी ऐन २०७४ को दफा ८७ अनुसार आ.व. २०८२।०८३ भरि एकिरणमा आउने संस्थालाई एकिकृत गर्न सकिने प्रक्रियाको लागि संचालक समितिलाई अधिकार दिईयोस् भनि यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु।

(घ) बाह्य कर्जा माग गर्ने सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, संस्थाले बाह्यकर्जालाई न्यूनिकरण गर्दै शुन्य बनाउने तर्फ उन्मुख हुँदै गरेको अवस्थामा संस्थाले लिएको लक्ष्य अनुरुपको सदस्य निर्माण गर्दा पर्न सक्ने आर्थिक समस्यालाई तत्काल व्यवस्थापन तथा

आवश्यकता परिपुर्ति गर्नका लागि संस्थागत सिमित श्रोत र साधनले नभ्याएको अवस्थामा यस संस्थाका सहयोगी संघ संस्थाहरुबाट कर्जा माग गर्न यस संचालक समितिलाई अख्तियारी दिईयोस् भन्ने प्रस्ताव यस सम्मानित सभामा पेश गर्दछु।

(च) आन्तरीक नीति तथा कार्यविधि संशोधन गर्ने सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, संस्थाको आन्तरीक नीति तथा कार्यविधिलाई समायनुकूल परिमार्जन गर्न र सदस्यको सेवासँग सम्बन्धित थप नीति तथा कार्यविधि निर्माण गर्न आवश्यक देखिएमा नीति तथा कार्यविधि निर्माण गरी आगामी साधारणसभाबाट अनुमोदन गराउने गरी संचालक समितिलाई अधिकार दिइयोस् भनि यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु। हाल कायम रहेको सदस्य राहत कोष परिचालन नीति तथा कार्यविधि निम्न अनुसार संशोधन गरिएको छ, उक्त संशोधित कार्यविधि समेत यस सम्मानित सभाबाट पास होस् भनि पुनः प्रस्ताव पेश गर्दछु।

क) संशोधित सदस्य राहत कोष परिचालन नीति तथा कार्यविधि २०८२ :

राहत कोषमा आवद्ध हुने सदस्यका लागि				राहत कोषमा आवद्ध नहुने सदस्यका लागि			
क्र.सं.	विवरण	साविक व्यवस्था	हालको व्यवस्था	क्र.सं.	विवरण	साविक व्यवस्था	राहत रकम
१	सदस्य मृत्यु	१०,०००। -	२५,०००। -	१	सदस्य मृत्यु	नरहेको	१०,०००। -
२	पारिवारिक सदस्य मृत्यु (श्रीमान् वा श्रीमति/छोरा वा छा`री एकाघर परिवार भित्र)	-	१५,०००। -	२	पारिवारिक सदस्य मृत्यु (श्रीमान् वा श्रीमति/छोरा वा छा`री एकाघर परिवार भित्र)	नरहेको	५,०००। -
३	सदस्य नर्मल सुत्केरी	८,०००। -	८,०००। -	३	सदस्य सुत्केरी	नरहेको	४,०००। -
४	सदस्य अप्रेशन सुत्केरी	अप्रेशन शुल्कको ५० प्रतिशत वा ५० हजारमा जुन कम हुन्छ सो उपलब्ध हुने।	अप्रेशन शुल्कको ५० प्रतिशत वा ५० हजारमा जुन कम हुन्छ सो उपलब्ध हुने।				

(छ) सम्पत्ति शुद्धिकरण निवारण ऐन कार्यान्वयनको अवस्था सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, सम्पत्ति शुद्धिकरण निवारण ऐनमा व्यवस्था भए अनुरुप सिमा कारोबार सम्बन्धीको विवरणहरु सम्बन्धित निकायमा नियमित पठाईदै आएको र कारोबारमा शुद्धता ल्याउन शेयरसदस्यको जोखिम बर्गीकरणका साथै KYM फारम अपडेट गर्दै चालु आ.व.बाट सोसँग सम्बन्धित सम्पूर्ण कार्यलाई व्यवस्थित गर्न सफ्टवेयरको समेत व्यवस्था गरिएको यस सम्मानित सभामा जानकारी गराउँदछु।

(ज) ब्याज तथा हर्जना छुट सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, संस्थाको आ.व. २०८१।०८२ को बार्षिक क्लोजिङ्गलाई मध्यनजर गर्दै विगत लामो समयदेखि खराब कर्जाका रुपमा रहेका शेयरसदस्यहरुलाई हिसाब मिलानका लागि गरिएको आहवानबाट ब्याज तथा हर्जना छुट गरी कर्जा चुक्ताका लागि निवेदन माग भए अनुसार संचालक समितिको मिति २०८२।०३।३२ गते बसेको बैठकको निर्णय बमोजिम रु. १२,०७,५८१ ब्याज तथा रु. २१,७०,३५२.९४ हर्जना छुट गरिएको हुँदा उक्त निर्णयलाई अनुमोदनका लागि यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु।

(झ) आर्थिक सहयोग अनुमोदन सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, आ.व. २०८१।०८२ भरीमा शेयरसदस्य तथा गैर नाफा मुलक संघ-संस्थाहरुबाट विभिन्न परिस्थितीमा माग भई आएको रु. २,२३,४६२।- आर्थिक सहयोग अनुमोदनका लागि यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु।

(ञ) खर्च अनुमोदन सम्बन्धमा : शेयरसदस्य महानुभावहरु, आ.व. २०८१।०८२ मा विनियोजन गरिएको बजेट भन्दा रु. २३,९६,७०३।३७ ले बढी खर्च हुन गएको हुँदा सो खर्च अनुमोदनका लागि यस सम्मानित सभामा प्रस्ताव पेश गर्दछु।

शेयरसदस्य महानुभावहरु ! संचालक समितिको तर्फबाट तय गरिएका प्रस्तावहरु यसै प्रतिवेदनको अघिल्लो भागमा समावेश गरिएको छ। संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन, प्रस्तुत हुने लेखा सुपरिवेक्षण प्रतिवेदन, बाह्य लेखा परीक्षण प्रतिवेदन, उपर आफ्ना अमुल्य सुझाव सहित छलफल गर्न, स्वीकृति तथा अनुमोदन गर्न यस सम्मानित सभामा उपस्थित सम्पुर्ण शेयरसदस्यहरुमा हार्दिक अनुरोध गर्दछु।

अन्तमा, सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.को आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिबेदन र चालु आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित वार्षिक बजेट तथा कार्ययोजना प्रस्तुती कार्यलाई ध्यानपुर्वक ग्रहण गरिदिनु भएकोमा उपस्थित प्रमुखअतिथि ज्यु ! बिशिष्ट अतिथिज्यू, अतिथिज्युहरु ! पत्रकार तथा संचारकर्मी मित्रहरु लगायत उपस्थित शेयरसदस्य महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। १५ औँ वार्षिक साधारणसभा भव्य, सभ्य र मर्यादित रुपमा सम्पन्न गर्न अहम् भुमिका निर्वाह गर्नुहुने संचालक समितिका पदाधिकारीज्युहरु लगायत कर्मचारी साथीहरु प्रति आभार प्रकट गर्न चाहान्छु। जय सहकारी !!!

.....

(सुवास भट्टराई)

अध्यक्ष

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.

विर्तामोड-४, झापाको

१५ औँ वार्षिक साधारणसभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन

२०८२।०६।११, शनिबार

यस सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. को १५ औँ गरिमामय साधारणसभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्य, अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, सल्लाहाकारज्यूहरु, शिक्षा उपसमितिज्युहरु, ऋण उपसमितिज्यूहरु, शेयरसदस्य महानुभावहरु, व्यवस्थापन तहका सम्पूर्ण पदाधिकारीज्यूहरु, सेवाकेन्द्र प्रमुखज्यूहरु लगायत कर्मचारी साथीहरु, पत्रकार मित्रहरु तथा सम्पूर्ण उपस्थित अतिथिगणहरुमा लेखा सुपरिबेक्षण समिति तथा मेरो व्यक्तिगततर्फबाट न्यानो सहकारी अभिबादन टक्राउन चाहान्छु र यस गरिमामय सभाका सदस्य महानुभावहरु समक्ष लेखा सुपरिवेक्षण समितिले तयार पारेको १५ औ वार्षिक प्रतिबेदन प्रस्तुतिका लागि अनुमति चाहान्छु।

शेयर सदस्य महानुभावहरु, २०६७ साल माघ २४ गते डिभिजन सहकारी कार्यालय भद्रपुर झापाबाट ५५ व्यक्तिहरुको सामुहिक सोच र अवधारणा अनुरुप तत्कालिन ५ गा.वि.स. कार्यक्षेत्रबाट २०,५०,०००।- शेयर पुँजी र ९ जना कर्मचारीबाट कारोबार सरुवात गरेको संस्थाले आज १५ औ बसन्त पार गरिरहँदा प्रदेशमा स्थापित सहकारीहरुको बीचमा कार्यक्षेत्रको दृष्टिकोणले दोश्रो स्थान, सदस्य सेवाको दृष्टिकोणले तेश्रो स्थान र कारोबारका आधारमा पाँचौ स्थान ओगट्न सफल हुनुको पछाडि संस्थाका अनुभवी, दक्ष तथा कुशल नेतृत्व दिन सक्ने, लामो समय देखि अनवरत सहकारी आन्दोलनमा समर्पित व्यक्तिहरुद्धारा निर्मित नेतृत्व दिन सक्ने संचालक समिति, अनुभवी कर्मचारी र तपाई शेयरसदस्यको साथ र सहयोगले यस संस्था यहाँसम्म आईपुगेकोमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु। बर्तमान समयमा विश्व भर भइरहेको बिभिन्न उतार चढावका कारण विश्वको अर्थतन्त्र खस्केको अवस्थामा हाम्रो देश नेपाल पनि अछुतो रहन सक्ने कुरै भएन, साथै केहि सहकारीहरुमा देखिएको बेतिथिका कारण सबै सहकारी प्रति बिरोध र गतल भास्य सिर्जना भई लगानी गर्न र असुली गर्नमा विभिन्न व्यवधान खडा भएको अवस्थामा समेत संस्था प्रतिको लगाव र आफुले पाएको जिम्मेवारीलाई कर्तब्य ठानी अहोरात्र क्रियाशिल कर्मचारी साथीहरु साथै शेयर सदस्य महानुभावहरुको सहयोगबाट नै यो सस्थाको यतिको प्रगती सम्भव भएको हो।

शेयर सदस्य महानुभावहरु, आजसम्म यस संस्थाले गरेको कारोबारको बिस्तृत बिवरण अध्यक्षज्यूको प्रतिबेदनमा प्रस्तुत भइसकेकाले मैले छोटकरीमा सारांश मात्र यस गरिमामय सभामा पेश गरेको छु। यस संस्थाले १५ औँ वार्षिक साधारणसभासम्म आइपुग्दा तत्कालिन ५ गा.वि.स. बाट कार्यक्षेत्र बिस्तार गर्दै ४ जिल्लाका बिभिन्न स्थानबाट ४६ वटा स्वीकृत सेवाकेन्द्रहरु जसमा, झापामा २५ वटा सेवाकेन्द्र, मोरङमा ९ वटा सेवाकेन्द्र, ईलाममा ११ र पाँचथरमा १ वटा सेवाकेन्द्रहरु सञ्चालनमा रहेको साथै झापा जिल्लाका १० वटा सेवाकेन्द्रहरुबाट लघुबित कार्यक्रम समेत संचालनमा ल्याई कुल ६९,४७० सदस्यहरुलाई तपशिलका सेवाकेन्द्रहरुबाट स्थानिय स्तरमा उत्कृष्ट सेवा प्रदान गरिरहेको छ।

शेयर सदस्य महानुभावहरु, संस्थाले आर्थिक बर्ष ०८१/८२ मा गरेको समग्र कारोबार र गतिविधिको लेखा सुपरिवेक्षण समितिको तर्फबाट अध्ययन अनुगमन तथा निरीक्षण गरि सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ साथै प्रदेश सहकारी ऐन २०७५ र प्रदेश सहकारी नियमावली २०७६ को अधिनमा रही लेखा सुपरिवेक्षण समितिद्वारा तयार पारिएको प्रतिबेदनलाई यस सम्मानित साधारण सभा समक्ष प्रस्तुत गर्न अनुमती चाहान्छु।

स्वीकृत सेवाकेन्द्रहरु :

झापा जिल्लामा रहेका सेवाकेन्द्रहरु

१) बनियानी सेवाकेन्द्र २) भद्रपुर सेवाकेन्द्र ३) चन्द्रगढी सेवा केन्द्र ४) राजगढ सेवा केन्द्र ५) गोलधाप सेवा केन्द्र ६) गरामुनी सेवाकेन्द्र ७) गौरिगञ्ज सेवाकेन्द्र ८) गौरादह सेवाकेन्द्र ९) पाडाजुँगी सेवाकेन्द्र १०) शिवगञ्ज सेवाकेन्द्र ११) कामाटोली सेवाकेन्द्र १२) दुधे सेवाकेन्द्र १३) काकडभिट्टा सेवाकेन्द १४) पुरानोआम्दा सेवाकेन्द्र, दमक १५) क्याम्पसमोड सेवाकेन्द्र, दमक १६) सुरुडा सेवाकेन्द्र १७) लक्ष्मीपुर सेवाकेन्द्र १८) बिर्तामोड सेवाकेन्द्र १९) बिर्ताबजार सेवाकेन्द्र २०) शनिश्चरेरोड सेवाकेन्द्र २१) शनिश्चरे सेवाकेन्द्र २२) खुदुनाबारी सेवाकेन्द्र २३) चारआली सेवाकेन्द्र २४) बुधाबारे सेवाकेन्द्र २५) धुलाबारी सेवाकेन्द्र

ईलाम जिल्लामा रहेका सेवाकेन्द्रहरु

१) ईलाम सेवाकेन्द्र २) फिक्कल सेवाकेन्द्र ३) नेपालटार सेवाकेन्द्र ४) बिब्ल्याँटे सेवाकेन्द्र ५) सितली सेवाकेन्द्र ६) मंगलबारे सेवाकेन्द्र ७) राँके सेवाकेन्द्र ८) नयाँबजार सेवाकेन्द्र ९) श्रीअन्तु सेवाकेन्द्र १०) पशुपतीनगर सेवाकेन्द्र ११) हर्कटे सेवाकेन्द्र

मोरङ्ग जिल्लामा रहेका सेवाकेन्द्रहरु

१) पथरी सेवाकेन्द्र २) रमाइलो सेवाकेन्द्र ३) लेटाड सेवाकेन्द्र ४) बेलबारी सेवाकेन्द्र ५) बिराटचोक सेवाकेन्द्र ६) मंगलबारे सेवाकेन्द्र ७) मधुमल्ला सेवाकेन्द्र ८) बरगाछी सेवाकेन्द्र ९) दाम्राभिट्टा सेवाकेन्द्र

पाँचथर जिल्लामा रहेका सेवाकेन्द्र

१) फिदिम सेवा केन्द

१) संस्थाको २०८२ असार मसान्तसम्मको वित्तिय अवस्था :

कुल सम्पत्ति	लगानीमा रहेको रकम	शेयर रकम	बाह्य ऋण	बचत रकम	खुद नाफा
३,३१,९८,४४,१११.११	२,८०,४७,८६,३७८.०८	३५,०९,१५,५००.००	४३,८०,५७,९२५.३१	२,१५,२५,८४,५८३.३५	४,६२,२१,४९५.७२

२) अघिल्लो साधारणसभाको निर्णय कार्यान्वयनको अवस्था : भएको

३) आ.व. ०८१/०८२ मा बसेको बैठक सँख्या र निर्णय कार्यान्वयनको अवस्था : आ.व. २०८१/०८२ मा जम्मा २३ वटा बैठकहरु सम्पन्न भएको देखिन्छ र सबै बैठकहरुमा गणपुरक सँख्या रहेको पाइन्छ । संचालक समितिको बैठक प्राय सबै निर्णयहरु सर्वसम्मत रुपमा पास गराई सन्तोषजनक रुपमा कार्यान्वयन गरिएको पाइयो।

४) ऋण लगानी प्रकृया, ऋण बापतको संरक्षण वा धितो संकलन व्यवस्था :

सस्थामा आबद्ध ऋण लिन इच्छुक शेयर सदस्यहरुले सदस्य बनेको तिन महिना पश्चात् ऋण आबेदन फारम भरी कर्जा लिन सेवाकेन्द्र प्रमुखको अनुगमन पश्चात् तपशिलको कर्जा शिर्षकमा निम्न प्रकृया अनुसार कर्जा लिन सक्ने व्यवस्था रहेको छ।

क) ऋण स्विकृती र सिमा :

३,००,०००।-	तीन लाखसम्म बजार प्रतिनिधिको सिफारिसमा सेवाकेन्द्र प्रमुख
२५,००,०००।-	पच्चिस लाखसम्म सेवाकेन्द्र प्रमुखको सिफारिसमा कर्जा विभागबाट
५०,००,०००।-	पचास लाखसम्म कर्जा विभागको सिफारिसमा कार्यकारी प्रमुखबाट
१,००,००,०००।-	एक करोडसम्म कार्यकारी प्रमुखको सिफारीसमा ऋण उपसमिति

ख) धितो तथा बिना धितो कर्जाहरु :

(१) व्यवसायिक कर्जा
(२) कृषि कर्जा
(३) हायर पर्चेज कर्जा
(४) विपत कर्जा
(५) शैक्षिक कर्जा
(६) कर्मचारी धितो कर्जा
(७) तलब सापटी कर्जा
(८) बचत कर्जा
९) थप कर्जा
(१०) साधारण कर्जा
(११) सदस्य उत्कृष्ट कर्जा

५) सहकारी बिभागबाट जारी गरिएका मापदण्डको बिबरण : सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ र सहकारी संघसंस्था सञ्चालन, लेखापरीक्षण अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड लगायत सहकारी मुल्य-मान्यता तथा आदर्शहरुको पालना गरिएको पाइयो ।

६) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था : साधारणसभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : भएको पाइयो ।

७) कर्मचारी प्रशासन सम्बन्धी नियमावली प्रयोजनमा ल्याएको/नल्याएको : ल्याएको

८) भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको/नभएको : भएको

९) कार्यरत कर्मचारीहरु बिच कार्यबुझ, तादम्यता रहेको/नरहेको : रहेको

१०) व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धि बिबरण : आई. ए .सम्मको अध्ययन गर्नुको साथै बिगत २७ बर्षको अनुभव हासिल गरी सहकारी संस्थामा कार्य गरी सहकारी व्यवस्थापन सम्बन्धी अनुभव हासिल गरेको र सहकारी व्यवस्थापन सम्बन्धि बिभिन्न तालिम हासिल गरेको

क) सहकारिता विषयक तालिम
ख) प्रशिक्षक प्रशिक्षण तालिम
ग) जोखिम व्यवस्थापन तालिम
घ) सहकारी व्यवस्थापन तालिम
ङ) बिमा अभिकर्ता तालिम
च) Cooperative Governance in Cooperative
छ) Accum Forum Policy Making
ज) Financial Analyze & Delinquency Management
झ) Training On Account And Record Keeping
ञ) Micro Finance Approaches Application Experienced and Legal Framework
ट) Grameen Generalized System Training

११) कर्मचारी भर्ना प्रकृया र हालको अवस्था : कर्मचारी भर्ना बिज्ञापन आहवान गरी खुल्ला स्वस्थ्य प्रतिस्पर्धाबाट र तत्काल भर्ना गर्नु पर्ने अवस्थामा सञ्चालक समितिको निर्णयबाट गरिएको। कर्मचारीहरुको हालको अवस्था हेर्दा २०८२ असार मसान्तसम्म तपशिल अनुसारको पदिय संरचना रहेको छ।

क) प्रशिक्षार्थी - ६
ख) अस्थायी - ३१
ग) स्थायी - २३७ कार्यरत रहेको पाइयो।

क्र.स.	पद	महिला	पुरुष	जम्मा संख्या
१	ब्यवस्थापक बाह्रौं	०	१	१
२	अधिकृत द्वितीय एघारौं	०	०	०
३	अधिकृत द्वितीय दशौं	१	२	३
४	अधिकृत त्रितिय नवौं	०	३	३
५	अधिकृत त्रितिय आठौं	०	२	२
६	सहायक प्रथम सातौं	६	४	१०
७	सहायक प्रथम छैटौं	४	१५	१९
८	सहायक द्वितीय पाँचौं	४	२	६
९	सहायक द्वितीय चारौं	४३	३९	८२
१०	सहायक तृतीय तेश्रो	१७	२	१९
११	सहायक तृतीय दोश्रो	८७	३३	१२०
१२	कार्यालय सहयोगी (प्रथम)	६	२	८
१३	चालक (प्रथम)	०	१	१
जम्मा		१६८	१०६	२७४

१२) लेखा समितिले यसअधि दिएको प्रतिबेदन बमोजिमका सुझावहरुको अवस्था : कार्यान्वयन भएको पाइयो।
१३) दैनिक लेखा प्रबिष्टि र लेखा प्रकृया : भएको र कार्यकारी प्रमुखबाट अनुमोदन भएको।
१४) अन्य उप-समितिको कार्य सम्पादन तथा जिम्मेवारी : जिम्मेवारी रहेको पाइयो।
१५) सस्थाका सबल पक्षहरु :
क) समयमा संस्थाको साधारणसभा सम्पन्न गर्नु।
ख) महिला शेयर सदस्यहरुलाई व्यवसायिक तालिम प्रदान गरिएको ।
ग) मर्ज गरिएका संस्थाहरुका कर्मचारीहरुलाई ब्यवस्थित गरिएको ।
घ) उत्कृष्ट बचतकर्ता, ऋणी तथा कर्मचारी पुरस्कृत तथा सम्मान गर्नु ।
ङ) सदस्य राहत कोष मार्फत सदस्हरुलाई उपचार खर्च प्रदान गर्नु ।
च) जेष्ठ नागरिकहरुलाई न्यानो कपडा तथा आवश्यकिय सामग्री बितरण गर्नु ।
छ) सदस्यहरुको बचत सङ्कलन तथा फिर्ता प्रभावकारी, छिटो र बिस्वासिलो हुनु ।
ज) विप्रेशण सेवा सबै सेवाकेन्द्रहरुबाट सञ्चालन हुनु ।
झ) संस्थालाई Digital प्रबिधिमा लगि QR कोडको ब्यवस्था गर्नु ।
ञ) समयको मागलाई मध्य नजर गर्दै मोबाईल बैकिङ्ग सेवा सुचारु गर्नु ।
ट) सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत संस्थाले सामुदायिक बिद्यालयमा भौतिक सामग्री साथै अध्ययनरत बिपन्न बिद्यार्थीलाई पोशाक तथा स्कुल ब्याग र स्टेसनरीका सामानहरु बितरण गर्नु ।
ठ) दिवंगत शेयर सदस्यहरुलाई ऋण मिनाह तथा राहत समेत प्रदान गरी दुःखमा मलहम लगाउने कार्य गर्नु ।
ड) स्वास्थ्य उपचार, सुल्केरी स्वास्थ्य सुबिधा प्रदान गर्नु ।
ढ) समय समयमा स्वास्थ्य शिविर कार्यक्रमको आयोजना गर्नु ।
१६) लेखा सुपरिबेक्षण समितिको सुझावहरु :

- आन्तरिक ब्यवस्थापन खर्चलाई न्यूनिकरण गर्न
- निक्षेप बृद्धि गरी बाह्य ऋणलाई न्यूनिकरण गर्न
- पुराना तथा फरार ऋणीको सुचि तयार पारि असुलीमा जोड दिनु पर्ने
- कर्जा सदुपयोगिता जाँच गर्नु पर्ने
- समिति तथा उप समितिहरुलाई सहकारी तालिमको ब्यवस्था गर्न
- निलम्बित कर्मचारीहरुलाई पुनः पुनर्बहाली नगर्न सुझाब गरिन्छ
- नउठेको ब्याजलाई ऋणमा बदली पुँजीकृत नगर्न सुझाब गरिन्छ
- नबिकरण गर्दा नया फाइल तयार गर्न सुझाब गरिन्छ

(ओमराज राई)	(मिन प्रसाद गुरागाईं)	(रमेश कुमार अधिकारी)
सदस्य	सदस्य	संयोजक

S.P.N. & ASSOCIATES
Chartered Accountants
COP No. : 863
FIRM REG.NO.: 759
PAN: 607658154

BIRTAMODE MUNICIPALITY – 4,
JHAPA - NEPAL
+977 -9851077485
+977 -9841972469
Email: shreeniraula2@gmail.com

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड का शेयर धनी सदस्य महानुभावहरु समक्ष

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१। नेपाल वित्तीय प्रतिवेदन मानहरु **(NFRS)** लागु नभएको वित्तीय विवरणमा राय व्यक्त गर्न अस्वीकार

हामीले सिम्रिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड (यसपछि संस्था भनिएको) को यसै साथ संलग्न २०८२ आषाढ ३२ को वासलात सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यसपछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिइएको स्पष्टिकरणहरु बमोजिम माथि उल्लेखित पहिलेको वित्तीय लेखामान (Previous GAAP) अनुसार तयार गरिएको वित्तीय विवरणहरुले सारभुतरुपमा संस्थाको मिति २०८२ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण तथा समग्रमा वित्तीय विवरणहरुले कैफियतमा उल्लेख गरिएको विषय वस्तुको प्रभाव तथा ब्यावस्थापन पत्रमा उल्लेखित कैफियत बाहेक सहि तथा यथार्थ चित्रण गर्दछन्।

नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) लागु नभएको वित्तीय विवरणमा राय व्यक्त गर्न अस्वीकार लागि आधार अनुच्छेदमा उल्लेख भएको विषय वस्तुले पार्ने प्रभाव यकिन गर्ने येथेष्ट प्रमाण प्राप्त गर्न नसकेका कारण हामीले संस्थाले नेपाल वित्तीय प्रतिवेदन मान अनुरूप तयार गर्नुपर्ने वित्तीय विवरण माथि राय व्यक्त गर्न सकेनौ।

२। राय व्यक्त गर्न अस्वीकारको लागि आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं। ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व अनुच्छेद अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी संस्था संग स्वतन्त्र छौ। सहकारी ऐन २०७४ को दफा ७६ बमोजिम नियूक्ति पाएका छौं एवं दफा ७७ बमोजिम लेखापरिक्षण नियूक्त हून अयोग्य नभएको घोषणा गरेका छौं र हामीले सो बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं।

संस्थाले नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाको सुझावमा, नेपाल लेखामान बोर्डद्वारा मिति २०७३/०४/०१ (१६ जूलाई २०१६) देखि लागू हूनेगरी जारी भएको नेपाल वित्तीय प्रतिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ। संस्थाले प्रस्तूत वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुन सक्दछ।

३। विषय उपरजोड तथा कैफियतहरु

३।१ संस्थाले पहिलेको वित्तीय लेखामान (Previous GAAP) अनूसार वित्तीय विवरणहरु तयार गरिएको छ।

३।२ संस्थाको चालु आ.व.सम्मको कर्जा जोखिम ब्यवस्था रु. ५२,३६८,१३२।११ रहेको छ र आ.व.को अन्त्यमा कूल असूल हून बांकी कर्जा रकम र कर्जा जोखिम ब्यवस्था लाई छुट्टा छूट्टै वासलातमा प्रस्तूत गरिएको छ। संस्थाले कर्जा जोखिम ब्यवस्था समयले भाका नाघेको कर्जामात्रको गरेको छ। मासिक कर्जा भूक्तानि तालिका भन्दा कम भूक्तानि भएको वा किस्ताले भाका नाघेको कर्जाको कर्जा जोखिम ब्यवस्था गरेको छैन। सो बापत अतिरिक्त गर्नुपर्ने ब्यवस्थाको चारित्रीकरण गरिएको छैन। चालू आ.व.मा संस्थको कर्जा असूलीमा समस्या रहेको , किस्ता भुक्तानी तालिका अनूसार कर्जा असुली नभएको कतिपय ऋणी फरार रहेको, ऋणिको आयस्रोत खस्कदै गएको लगायतका चुनौती देखिएको छ। संस्थाको ३२ आषाढ २०८२ सम्ममा सांवालेमात्र भाका नाघेको कर्जा (Overdue Principal) रु. १३७,२४५,१९९।१७ रहेको छ।

३।३ राष्ट्रय सहकारी नियमन प्रधिकरणको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ को दफा २.२ अनूसार संस्थाले अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा उप /महानगरपालिकामा रहेको धितो मुल्याङ्कनको बढीमा ६० प्रतिशतसम्म र नगर र गाउंपालिकामा रहेको धितोको हकमा बढीमा ७० प्रतिशत सम्म ऋण प्रदान गर्नसक्ने प्रवधान रहेकोमा केहि पुरानाधितो कर्जा लगानीलाई सोहि मापदण्ड अनुसार धितो कायम गर्नूपर्ने देखिन्छ।

३।४ सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ७ख अनुसार संस्थाले आफ्नो ग्राहक वा वास्तबिक धनी वा ग्राहक बन्न खोज्ने व्यक्ति उच्च पदस्थ व्यक्ति भए नभएको यकिन गर्नूपर्ने तथा सो यकिन गर्न जोखिम व्यवस्थापन प्रणालीको व्यवस्था गर्नुपर्ने व्यावस्था रहेको छ। त्यसैगरि सोहि ऐनको दफा ७ (घ) अनुसार सूचक संस्थाले आफ्नो देश, भौगोलिक क्षेत्र, व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक, सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतका आधारमा सम्पत्ति शद्धिकरण तथा अतंकवादी क्रियाकलापमा बित्तिय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। यद्यपि संस्थाले सो ऐनको व्यवस्था कार्यान्वयन गर्नबांकी रहेको देखिएकोले सो व्यवस्था समयावधि भित्र कार्यान्वयन गर्न सुझाव रहेको छ।

३।५ संस्थाले सहकारी ऐन २०७४ अनुसार सहकारी संस्थाबाट सदस्यले जून प्रयोजनको लागि कर्जा सूबिधा लिएको हो सोहि प्रयोजनमा लगाउनू पर्दछ। संस्थाले कर्जा नीतिमा स्पष्ट व्यवस्थागरी कर्जा सदुपयोगिता आवधिक रुपमा अनिवार्य गर्ने व्यवस्था मिलाउनू पर्दछ। यद्यपि केहि कर्जा लगानीको कर्जा सदुपयोगिता आवधिक रुपमा गरेको देखिन।

३।६ संस्थाले विगत बर्षमा सांवा व्याज नउठेको कतिपय ऋणलाई पूनर्लगानी गरेको पाईयो। यसरी ऋण पूनर्लगानी गर्दा पूनर्लगानी मितीमा बांकी रहेको ऋण तथा ब्याजलाई भूक्तानी देखाई त्यस मितीमा नयां ऋण लगानी गरेको पाईयो। यसबाट संस्थाले एकातर्फ पाउने पर्ने ब्याजलाई पनि आम्दानी जनाएको हून्छ भने अर्कोतर्फ संकास्पद तथा खराब कर्जामा वर्गिकरण गरि कर्जा नोक्सानी व्यवस्था गर्नूपर्नेमा असल कर्जामा वर्गिकरण भई १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरेको हुन्छ । तसर्थ सोकर्जालाई अबिलम्ब नियमीत गर्नुपर्ने सूझाव रहेको छ।

३।७ राष्ट्रिय सहकारी नियमन प्रधिकरणको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ को दफा ७ अनूसार संस्थाले ऋण असूल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैलेसकार गर्दा धितोको प्रचलित बजार मुल्य वा धितो सकार गर्ने अघिल्लो दिनसम्म असूल गर्नू पर्ने रकम मध्ये जून कम हून्छ सोही मुल्यमा सकार गर्नू पर्ने हुन्छ। यदि धितोको बजार मुल्य बक्यौता असूली गर्नु पर्ने रकमभन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा र नोक्सान हिसावमा खर्च गर्नुपर्ने तथा धितो सकार गरेको सम्पत्तिमा सकार गरेकै मितिदेखि शत प्रतिशत नोक्सानी व्यवस्था कायम गरी यथाशीघ्र बिक्री गर्नूपर्ने व्यावस्था रहेकोमा संस्थाको चालु आ.वमा रु. ५६,१६४,८३९।५४ धितो लिलामी सकार गरेको गैर बैकिङ्ग सम्पति रहेकोमा रु. ७,२३१,०३६।५४ मात्र नोक्सानी व्यवस्था कायम गरेको छ।

४। मूख्य लेखापरीक्षण मामिलाहरु ***(Key Audit Matters)***

मूख्य लेखापरीक्षण मामिलाहरू ति मामिलाहरू हुन् जुन हाम्रो पेशागत निर्णयका आधारमा लेखापरिक्षण गरिएको हालको अवधिको वित्तीय विवरणहरूसंग सबैभन्दा महत्वपुर्ण मामिलाहरु हून्। उक्त बिषबस्तूहरु लेखापरिक्षणको प्रतिवेदनमा प्रस्तूत गर्दा शासकिय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सुचित गरिएको बिषबस्तूहरु मध्ये बाट गरिएका छन् । उक्त मामिलाहरुको सम्बोधन सम्पुर्ण बित्तीय बिवरणहरुको लेखापरिक्षणको सन्दर्भमा गरिएका छन् तथा त्यसमा हाम्रो राय ब्यक्त गर्दा, उक्त मावलामा अलग राय ब्यक्त गरिएको छैन

हाम्रो लेखापरिक्षणको सन्दर्भमा लेखापरिक्षणका मुख्य मामलाहरु निम्न उल्लेखित ब्यहोराहरुका आधारमा गरिएका छन्:

(क) संस्थाको कुनै कारोवार अति जोखिम कारोवार अन्तर्गत रहेको,

(ख) संस्थाले आफ्नो प्रमूख बिवरणहरको बित्तीय प्रस्तुति अनुमानको आधारमा गरेको र

(ग) महत्वपुर्ण घटना तथा कारोवारको लेखापरिक्षणको क्रममा पर्नसक्ने असरहरु।

उपरोक्त ब्यहोराहरुको आधारमा तल उल्लेखित मामलाहरु निर्धारण गरि लेखापरिक्षणका मुख्य मामलाहरुको रुपमा सूचित गर्न यस प्रतिवेदनमा संलग्न गरका छौं :

<table>
<tr><th>क्र.सं</th><th>मूख्य लेखापरीक्षण मामिलाहरु</th><th>लखापरीक्षणको सम्बोधन</th></tr>
<tr><td>४.१</td><td colspan="2">बजेट, प्रगती तथा उपलब्धी</td></tr>
<tr><td></td><td>क.चालू आ.व.मा बार्षिक नीति तथा कार्यक्रम तथा बजेट मा उल्लेखित लक्ष र प्रगतीको बिबरण अनुसार उपलब्धि न्युन रहेको देखिन्छ। प्रगतिको बिवरण देहाय अनुसार रहेको :
<table>
<tr><th>बजेट शिर्षक</th><th>बार्षिक बजेटमा प्रगती प्रतिशत</th></tr>
<tr><td>शेयर पूंजी</td><td>९६.८४%</td></tr>
<tr><td>वचत तथा निक्षेप दायित्व</td><td>८८.१८%</td></tr>
<tr><td>कर्जा लगानि तथा सापट</td><td>९१.२९%</td></tr>
<tr><td>जम्मा आम्दानी</td><td>९७.०४%</td></tr>
<tr><td>जम्मा खर्च</td><td>१०४.४५%</td></tr>
<tr><td>कर अघिको खूद नाफा</td><td>५३.०३%</td></tr>
</table>
ख.बार्षिक नीति तथा कार्यक्रम तथा बजेत मा उल्लेख गरेको नोति तथा कार्यक्रमहरुको प्रगति हासिल गर्न नसकिएको देखिन्छ।</td><td>हाम्रो लेखापरीक्षण दृष्टिकोणले मूख्य लेखापरीक्षण मुद्दालाई सम्बोधन गर्न अनुसरण गरेको बिषय बस्तहरु:
• हामीले चालू आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रम र बजेट शिर्षकको अध्ययन गर्यौं।
• बार्षिक नीति तथा कार्यक्रम र बजेटको उपलब्धिको जांचबुझ गरियो
• संस्थाको प्रगति प्रतिवेदन
• हामीले सम्बन्धित अधिकारीहरूसंग बजेट र प्रगतिको बारेमा छलफल गर्यौं।
हाम्रो नतिजा: संस्थाको उद्देश्य प्राप्तीको लागी बजेट तथा नोति कार्यक्रम एवं आन्तरिक नोति तथा कार्यबिधी अनुसार कार्य सम्पादन गर्नुपर्ने।</td></tr>
</table>

४.२	वित्तीय प्रतिवेदनलाई प्रभाव पार्ने सुचना प्रविधि प्रणाली र नियन्त्रणहरू	
	कम्पनिको आई.टी वातावरण जटिल छ र ठुलो संख्यामा स्वतन्त्र र अन्तरनिर्भर आई.टी प्रणालीहरू प्रयोग गर्दछ । संस्थाको सञ्चालन र वित्तीय प्रक्रियाहरू आई.टी प्रणालीमा निर्भर छन किनभने दैनिक आधारमा अभिलेख गरिएका लेनदेनहरूको वित्तीय रुपमा ठुलो मात्रा हो । आई.टी प्रणालीमा संस्थाको मूख्य वित्तीय लेखा र रिपोर्टिङ प्रक्रियाको निर्भर रहेको कारण र कूनै पनि नियन्त्रण त्रुटि, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा र डाटाको गलत प्रयोग हूने सम्भावनाले हामीले पहिचान गरेका व्यवस्थापन र नियामकहरूलाई डाटाको गलत रिपोर्टिङ हून सक्ने उच्च सम्भावना हुन्छ । यस्तो आई.टी. प्रणाली र सम्बन्धित नियन्त्रण वातावरणको परीक्षण मुख्य लेखापरीक्षण विषयको रूपमा लिएका छौ। वित्तीय रिपोर्टिङ प्रक्रियाको शुद्धता र विश्वसनीयता आई.टी. प्रणालीहरू र सम्बन्धित नियन्त्रण वातावरणमा निर्भर गर्दछ ।	हाम्रो लेखापरीक्षण दृष्टिकोणले मूख्य लेखापरीक्षण मुद्दालाई सम्बोधन गर्न अनुसरण गरेको विषय वस्तूहरु: • संस्था द्वारा संचालित आई.टी. मा निर्भरता । • संस्थाले सफटवेयर आपूर्तीकर्ताले समय समयमा मर्मत तथा संभार गर्ने गरेको विवरण । • Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति । हाम्रो नतिजा: हामीले सुचना प्रविधि (आई.टी) प्रणालीहरू र तिनीहरूका सान्दर्भिक नियन्त्रणहरूलाई सुधार गर्नुपर्ने ठान्यौं ।
४.३	भाखा नाघेको कर्जाको अवस्था तथा असूली	
	सहकारी ऐन २०७४ तथा नियमावली २०७५ बमोजिम ब्याज आम्दानीलाई प्राप्तीका आधारमा (Cash Basis) लेखाङन गर्नुपर्ने हुन्छ। सहकारी क्षेत्रमा देखा परेको संक्रमणको स्थिती लाई मध्यनजर गर्दा नाफा नहुने वा कम हुने अवस्थामा भाखा नाघेको ऋण र ब्याजलाई चुक्ता देखाई नयाँ मितीमा पुन लगानी गरि सावाँ ब्याज प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पाउनु पर्ने ब्याज समेत असुलि देखिएको हुन सक्छ ।	ब्याज आम्दानीको लेखाङकन सम्बन्धि विषयलाई सम्बोधन गर्न हामिले हाम्रो लेखापरिक्षणमा निम्न प्रक्रिया अवलम्बन गर्यौं । १. संस्थाको सफटवेयरमा ब्याज आम्दानी लेखाङकन प्रक्रियाको जानकारी लियौं र चेक जाँच गर्यौं । २.ऋण पुनर्लगानीको बारेमा सम्बोधन गर्न अन्तिम त्रैमासिकमा लगानी भएका ऋणहरुलाई प्राथमिकतामा राखी नमुनाको आधारमा ऋण फाईलहरु अवलोकन गर्यौं। ३. अन्य आवश्यक पक्रियाहरु अविलम्बन गर्यौं ।

५। बिषय उपरजोड

हामीले ब्यावस्थापन पत्रमा उल्लेख गरे अनूसार, संस्थाको पाउनूपर्नेब्याज आम्दानी गत आ.व. मा रु. ७१,८०५,७०४।३१ रहेकोमा चालू आ.व.मा रु. २८,८८०,४८१।८५ बृद्धि भई रु. ७१,८०५,७०४।३१ पूगेकको छ। सो रकम चालू आ.व.को कूल ब्याज आम्दानी को ११ प्रतिशत र गत आ.व.को तुलनामा ६७ प्रतिशतले बृद्धि पउनेपर्ने ब्याज आम्दानी रहेको देखिएकोले किस्ता बक्यौता बृद्धि हूदै गएको देखियो । यस प्रकारको अत्यधिक वृद्धिले संस्थाको आन्तरिक व्यवस्थापन, ऋण असूली क्षमता तथा नगद प्रवाहमा दबाब सिर्जना गर्ने भएकाले यसलाई सूधार गर्नेतर्फ ध्यान दिनू आवश्यक देखिन्छ । त्यसैगरि चालू आ.व.मा संस्थाको औषत ब्याज अम्दानी र बचत तथा बाह्य कर्जाको लागतको फरक दर सहकारी ऐन कानूनले तेकेको भन्दा केहिबढि रहेकोले ऐनको परिधिभित्र हुनुपर्ने सुझाव रहेको छ ।

त्यसैगरि चालू आ.व.सम्ममा संस्थाले, भाका नाघेका सदस्यहरु देहाय अनुसार सदस्यहरुकोनाममा रहेको कर्जा असूलि गर्न लिलामि गरेको देखिन्छ :

क्र.स.	बिवरण	यस वर्ष रु.	गत वर्ष रु.
१	सकून्तला वन	४,१००,०००.००	४,१००,०००.००
२	विजय कूमार गणेश	१,८७६,०५०.००	१,८७६,०५०.००
३	तेज बहादूर राई	३,९६३,९००.००	३,९६३,९००.००
४	बाल कूमारी मैनाली	६,७२४,४६९.००	६,७२४,४६९.००
५	गोकूल घिमिरे	८,११७,२२५.००	८,११७,२२५.००
६	टिका प्रसाद मैनाली	१०,२१४,३५०.००	१०,२१४,३५०.००
७	चेत कूमारी दाहाल (रोहित)	३,४८४,२४९.००	-
८	सूसिला तूम्बापो ,विर्तामोड	३,१०३,५००.००	-
९	नारायण विश्वकर्मा, खूदूनाबारी	२,२५९,१९०.००	-
१०	चन्दन कूमार सहनी,बर्गाछी	३,४८१,३७१.००	-
११	निर्मला सूब्बा,शिवगञ्ज	१,६०९,४९९.००	-
१२	सञ्जोग राई र मञ्जू गूरुङ	१,१७४,६७९.५४	-
१३	कूशल इग्नामलिलामी,गोल्धाप	१,०४२,४३३.००	-
१४	रुपधोज लिम्बूलिलामी,चाराली	६६८,७२८.००	-
१५	राजकूमार साहपूरानो आम्दा	४,३४५,१९६.००	
	जम्मा	५६,१६४,८३९.५४	२५,०५६,०४४.०

सहकारी ऐन २०७४ को दफा ८०(१) तथा सहकारी नियमावली २०७५ को नियम ३८ अनुसार संस्थाबाट ऋण लिई भाकाभित्र सांवा ब्याज फिर्ता नगर्ने सदस्यको नाम नाबेशि सहितको कालोसूचि प्रकाशन गर्नूपर्ने ब्यावस्था अनूसार संस्थाले सो ब्यावस्था पलना गरेको पाईएन। उल्लेखित बिषयले हाम्रो राय परिमार्जन भएको छैन।

६। वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनूरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवम् प्रस्तूत गर्नुपर्ने जिम्मेवारी व्यवस्थापनमा रहको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभुत किसिमले त्रुटि रहित वित्तीय विवरण तयारी, संम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्वान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागुगर्ने एवम् परिस्थिति अनूसार लेखा सम्बन्धित महत्वपुर्ण अनुमान गर्नुपर्दछ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटनगर्ने, संचालन बन्दगर्ने वा सो बाहेक व्यवहारीक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर सञ्चालन हुने क्षमताको मुल्यांकन गर्ने, आवश्यक बमोजिमको खुलासा गर्ने र निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ।

संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ।

७। वित्तीय विवरण लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पुर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस सारभूत रुपमा त्रुटीरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्तगर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभुत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षण मान अनुरुप गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रुटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग-अलग वा समग्ररुपमा प्रभावपार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणकोक्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं। क्रमश हामीले:

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्यांकन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारका लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाइ समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजी बाट हूने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धी राय व्यक्त गर्ने उद्धेश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हूने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं।
